लोक सेवा आयोग
दाङ कार्यालय
तुलसीपुर, दाङ

# शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

## सूचना नं. ९६/०७९/८०, मिति २०८०/०३/०१ गते

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नं. १६६९९-१६७०५/२०७९-८० (खुला तथा समावेशी), परराष्ट्र, प्रशासन, लेखापरीक्षण र सङ्घीय संसद सेवाको एकीकृत तथा संयुक्त परीक्षा प्रणालीअन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदमा दाङ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत सङ्क्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन सहित) को पालना गर्ने गराउने गरी निम्न मिति, समय र स्थानमा निम्नानुसारका परीक्षा भवनहरुमा प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उम्मेदवारहरुले लोक सेवा आयोगको पूर्व सूचनानुसार पुनः आवेदन (Re-apply) गरेपछि कायम भएको रोल नम्बर समावेश भएको प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नुपर्ने छ ।** सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहित कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुनुभन्दा १० (दस) दिन अगावै यस कार्यालयमा निवेदन दिनुपर्ने छ । **परीक्षार्थीहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ।**

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुचि परीक्षण (Adminstrative Aptitude Test) | वस्तुगतः वहुवैकल्पिक प्रश्न (Objective: Multiple Choice Questions) | २०८०/०३/१६ गते बिहान ११:०० बजे | १ घण्टा ३० मिनेट |

### लिखित परीक्षा केन्द्रः तुलसीपुर, दाङ

| क्र.सं. | उम्मेदवारहरुको रोल नं | | उम्मेदवारको सङ्ख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ६१०००१ | ६१०२०० | २०० | श्री ज्ञानज्योती माध्यमिक विद्यालय, केन्द्र (क) तुलसीपुर, दाङ। |
| २ | ६१०२०१ | ६१०४०० | २०० | श्री ज्ञानज्योती माध्यमिक विद्यालय, केन्द्र (ख) तुलसीपुर, दाङ। |
| ३ | ६१०४०१ | बाँकी सबै उम्मेदवारहरु | | श्री ज्ञानज्योती माध्यमिक विद्यालय, केन्द्र (ग) तुलसीपुर, दाङ। |

द्रष्टब्य १ः

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्ने छ। साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

३. परीक्षा भवनमा झोला, मोवाइल, क्यालकुलेटर तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।



फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेवसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np

४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा पुनः आवेदन (Re-apply) गरेपछि कायम भएको रोल नम्बरसहितको प्रवेश-पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटोसहितको कुनै परिचयपत्र अनिवार्यरूपमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्ने छ।

५. दाङ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराइने छैन।

**द्रष्टब्य २: कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको व्यवस्था गर्नुपर्ने छ।

२. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नुहुँदैन।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ।

४. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।

५. उम्मेदवारहरूले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा आयोगको Website मा गई Online मार्फत् अनिवार्यरुपमा कोभिडसम्बन्धी स्वयम् घोषणा फाराम भर्नुपर्नेछ।

६. कोभिड-१९ बाट सङ्क्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा सङ्क्रमित परीक्षार्थीले आफू सङ्क्रमित भएको व्यहोरा यस कार्यालयको टेलिफोन नं. ०८२-५२२८२५ मा सम्पर्क गरी अग्रिम जानकारी दिनुपर्ने छ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| (राजकुमार श्रेष्ठ) | (पदमबहादुर खत्री) | (बासुदेव भण्डारी) |
| कम्प्युटर अपरेटर | नायब सुब्बा | शाखा अधिकृत |



फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेवसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np